नेपाल सरकार

शिक्षा मन्त्रालय

परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

# २०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा-१०मा एक्जेम्टेड समुहको आवेदन फाराम भर्ने-भराउने र नियमित समुहको प्रयोगात्मक अंक सहित अन्य विवरण बुझाउने सम्बन्धी सूचना

माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (Secondary Education Examination Grade-10) को परीक्षामा सम्मिलित हुन एक्जेम्टेड समूहतर्फ आवेदन फाराम भरी बुझाउने र नियमित समूहतर्फ फारामसम्बन्धी अन्य कार्य गर्ने सम्बन्धी यो सूचना सम्बन्धित सबैको जानकारीका लागि राष्ट्रिय परीक्षा बोर्डको प्रत्यायोजित अधिकार बमोजिम प्रकाशित गरिएको छ ।

**(क) एक्जेम्टेड समूह** (साधारण, प्राविधिक, खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढ विद्‌यालयका परीक्षार्थी)

१ विगतको एसएलसी परीक्षामा अनुत्तीर्ण भएका परीक्षार्थीहरू, अक्षराङ्कन प्रणालीअन्तर्गतका ग्रेडवृद्धि गर्न चाहने परीक्षार्थीहरू र एक वा बढी विषयमा परीक्षामा सहभागी भई बिचैमा परीक्षा छोडेका परीक्षार्थीहरूसमेत माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (एसईई) मा एक्जेम्टेड समूहबाट परीक्षामा सहभागी हुन सक्नेछन् ।

२ त्यस्ता परीक्षार्थीहरूले हालसालै खिचेको पासपोर्ट साइजको ३ (तीन) प्रति फोटो टाँसी आवेदन फाराम भरी देहायका कागजातहरु राखी प्रति परीक्षार्थी परीक्षा दस्तुर रु ५००।- (पाँच सय) सहित २०७४ मंसिर १२ गतेभित्र आवेदन फाराम सम्बन्धित विद्‌यालयमा बुझाइसक्नुपर्नेछ ।

(क) रजिष्ट्रेशन स्लिपको प्रतिलिपि (अनिवार्य),

(ख) परीक्षामा अनुत्तीर्ण भएको भए लब्धाङ्कपत्रको प्रतिलिपि,

(ग) अक्षराङ्कन प्रणालीअन्तर्गतका ग्रेडवृद्धि गर्न चाहने परीक्षार्थी भए ग्रेडसिटको प्रतिलिपि,

(घ) अनुपस्थित भएको भए लेजर र प्रवेशपत्रको प्रतिलिपि

३ फाराम भर्दा परीक्षार्थीले पहिले दिएका परीक्षाका सबै वर्षका सिम्बोल नम्बरहरु क्रमश: उल्लेख गर्नुपर्नेछ । एक्जेम्टेड समूहको सैद्धान्तिक र प्रयोगात्मक परीक्षा यस अगाडि कै पाठ्यक्रमका आधारमा हुनेछ ।

४ परीक्षा आवेदन फाराम भर्दा परीक्षार्थीले आफूले नियमित अध्ययन गरेको विद्‌यालयबाट नै भर्नुपर्नेछ । अन्य विद्‌यालयबाट आवेदन फाराम भरेमा स्वतः रद्द हुनेछ । साथै अन्य विद्‌यालयका परीक्षार्थीको आवेदन फाराम भराएमा प्रधानाध्यापकलाई विभागीय कारवाही हुनेछ ।

५ विद्‌यालयहरुले परीक्षार्थीहरुको आवेदन फाराम परीक्षार्थीको वर्णानुक्रम अनुसार सिलसिला मिलाई सो बमोजिमको समष्टिगत फाराम तयार गरी परीक्षा दस्तुर बापतको राजस्व जम्मा गरेको भौचर वा नगदी रसिद समेत संलग्न राखी २०७४ साल मंसिर १५ गतेभित्र नै जिल्ला शिक्षा कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

६ परीक्षा दस्तुर बापतको राजस्व विद्‌यालयहरुले जिल्ला शिक्षा कार्यालय वा बैंकमा जम्मा गरिसक्ने अन्तिम मिति २०७४ मंसिर १५ गतेसम्म र जिल्ला शिक्षा कार्यालयहरुले बैंकमा जम्मा गरिसक्ने अन्तिम मिति २०७४ मङ्सिर २५ गतेसम्म कायम गरिएको छ । राजस्व खाता नं. १४२२३ रहेकोछ ।

७ जिल्ला शिक्षा कार्यालयहरुले विद्‌यालयहरूबाट प्राप्त आवेदन फाराम तथा समष्टिगत विवरण फाराम रुजु गरी विद्‌यालयगत रुपमा (विद्‌यालय कोड नम्बरको क्रममा) परीक्षार्थीको वर्णानुक्रम अनुसार एक्जेम्टेड समूहको सिम्बोल नम्बर कायम गरी जिल्ला शिक्षा अधिकारीबाट फाराम स्वीकृत गरी प्रवेशपत्र राखी अर्धकट्टी २०७४ पौष १० गतेभित्र परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्नेछ ।

८ जिल्ला शिक्षा कार्यालयहरुले आवेदन फारामहरुमा सिम्बोल नम्बर कायम गर्दा एक्जेम्टेड समूहका परीक्षार्थीहरुका लागि विगतमा झैं १ बाट नै सुरु गर्ने। जस्तै: ताप्लेजुङ जिल्लाको: एक्जेम्टेड समूहको पहिलो सिम्बोल नम्बर १०१०००१ E हुन्छ। सिम्बोल नम्बर पछिको अल्फा कायम गर्दा सिम्बोल नम्बरलाई २६ ले भाग गरि शेष रहेको अङ्कलाई १ भए A, २ भए B...........गर्दै २४ भए X,२५ भए Y र शुन्य भए Z हुने गरी कायम गर्ने ।

**(ख) नियमित समूह** (साधारण, प्राविधिक, खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढ विद्यालयका परीक्षार्थी)

१ जिल्ला शिक्षा कार्यालयले २०७४ साल भाद्र १८ गतेसम्म भरिएका विद्यालयबाट प्राप्त नियमित समूहका परीक्षार्थीको आवेदन फाराम तथा समष्टिगत विवरण फाराम रुजु गरी जिल्ला शिक्षा अधिकारीबाट फाराम स्वीकृत गर्नुपर्ने छ ।

२ विद्यालयगत रुपमा (केन्द्रगत वा विद्यालय कोड नम्बरको क्रममा) सिम्बोल नम्बर कायम गरी कम्प्युटरमा इन्ट्री गराइ इलेक्ट्रोनिक प्रति २०७४ मंसिर २९ गते सम्ममा र फारामको अर्धकट्टीमध्ये जिशिका प्रति र प्रवेशपत्र जिशिकामा राखी पनिका प्रति र कम्प्युटरमा इन्ट्रीको प्रमाणित मुद्रित प्रति २०७४ पुस १० गते सम्ममा परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्नेछ ।

३ माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसईई) मा सम्मिलित हुन शैक्षिक सत्र २०७४ मा कक्षा १० मा ७५ प्रतिशत हाजिर भई विद्यालयमा नियमित रुपमा अध्ययन गरेको विद्यार्थी हुनुपर्नेछ । खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढ विद्यालयका परीक्षार्थीको हकमा खुला विद्यालय सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

४ २०७४ देखि नयाँ पाठ्यक्रम लागू भएको हुनाले प्रत्येक विद्यालय (प्राविधिक तथा खुलासमेत) ले सोहीबमोजिमका विषय र पूर्णाङ्कको प्रयोगात्मक परीक्षा लिई परीक्षार्थीले प्राप्त गरेको अङ्क प्राप्ताङ्क तालिकामा चढाउनुपर्नेछ ।

५ विद्यालयहरुले परीक्षामा सम्मिलित हुन योग्य परीक्षार्थीहरुको प्रयोगात्मक प्राप्ताङ्क तालिका र प्रति विद्यार्थी रु ५००।- परीक्षा दस्तुरसहितको विवरण २०७४ साल फाल्गुण १० गतेभित्र जिल्ला शिक्षा कार्यालयमा बुझाइसक्नुपर्नेछ । सो बापतको राजस्व रकम जिल्ला शिक्षा कार्यालयले २०७४ साल फाल्गुण १५ गतेभित्र बैंकको राजस्व खाता नं. १४२२३ मा दाखिला गरिसक्नुपर्नेछ ।

६ जिल्ला शिक्षा कार्यालयले नयाँ पाठ्यक्रमअनुसारको विषय र पूर्णाङ्कको प्रयोगात्मक प्राप्ताङ्क प्राप्ताङ्क तालिकामा चढे-नचढेको रुजु गरी विद्यालय कोडको क्रमानुसार सिलसिला मिलाई फाइल खडा गर्नुपर्नेछ ।

७ विद्यालयले आवेदन फाराम भरिसकेका, तर कक्षा १० को परीक्षामा सम्मिलित हुन योग्य नभएका तथा राजस्व जम्मा नगरेका परीक्षार्थीको विवरणसमेत तयार गरी २०७४ साल फाल्गुण १० गतेभित्रै जिल्ला शिक्षा कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

८ जिल्ला शिक्षा कार्यालयले विद्यालयबाट प्राप्त विवरणको आधारमा परीक्षामा सम्मिलित हुन योग्य नभएका विद्यार्थीहरुको सक्कलै प्रवेशपत्र थुती निजको विवरण समष्टिगत फाराममा काटी विद्यालयगत रूपमा तिनको विवरण तयार गर्नुपर्नेछ ।

९ जिल्ला शिक्षा कार्यालयहरूले प्रयोगात्मक प्राप्ताङ्क तालिका र परीक्षामा सम्मिलित हुन योग्य नभएका परीक्षार्थी विवरण तथा राजस्व जम्मा नगरेका परीक्षार्थीको विवरण र अयोग्यहरुको सक्कल प्रवेशपत्रसमेत २०७४ साल फाल्गुण २० गतेभित्र परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ । विवरण पठाउँदा विद्यालयको कोड नं.को क्रममा विद्यालयको नाम, विद्यार्थी सङ्ख्या र राजस्व रकमसमेत खुल्ने गरी पठाउनुपर्नेछ ।

११ माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसईई) का लागि परीक्षा केन्द्र निर्धारण गरी केन्द्र रहने विद्यालयको नाम (कोड नं. समेत अनिवार्य) त्यस केन्द्रमा सामेल हुने विद्यालयको नाम (कोड नं. समेत अनिवार्य) परीक्षार्थी संख्या र ऐच्छिक विषयको विवरण (नियमित, एक्जेम्टेडसमेत) खुलाई परीक्षा केन्द्रको विवरण २०७४ पौष १० गतेभित्र परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्नेछ । पठाइसकेको परीक्षा केन्द्रको विवरणमा कुनै हेरफेर गर्न पाइनेछैन ।

१२ परीक्षा केन्द्र निर्धारण गर्दा गत वर्ष कायम भएका परीक्षा केन्द्रहरु नबढ्ने गरी निर्देशिकाले निर्धारण गरेका आधारहरुमा आफ्नै विद्यालय (Home Centre) नपर्ने गरी गर्नुपर्नेछ । परीक्षा केन्द्र थप नगरी नहुने अवस्था भएमा त्यसको औचित्य र पुष्ट्याइँसहित परीक्षा नियन्त्रण कार्यालयबाट पूर्वस्वीकृति लिएर मात्र थप गर्नुपर्नेछ ।

१३ माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसईई) मा सम्मिलित हुन आवेदन फाराम भरेका परीक्षार्थीहरुको केन्द्र परिवर्तन हुनेछैन ।

१४ कक्षा ९ मा रजिष्ट्रेशन फाराम भरेको विद्यालयबाहेक अन्य विद्यालयबाट परीक्षा आवेदन फाराम भरेको वा दोहोरो रजिष्ट्रेशन तथा आवेदन फाराम भरेको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा स्वतः रद्द हुनेछ । यस्तो कार्यमा प्रोत्साहन गर्ने गराउने उपर कारवाही हुनेछ ।

परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर ।